राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्याः
चलानी नं.:

सिंहदरबार, काठमाडौं
नेपाल ।

विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको

सत्रौं बैठकका निर्णयहरु

यही मिति २०८० बैशाख २९ गते शुक्रबार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको सत्रौं बैठक समितिका अध्यक्ष तथा माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकका महत्वपूर्ण निर्णयहरु निम्न बमोजिम रहेका छन् ।

१) यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना पन्ध्र दिनभित्र तयार गरी आगामी बैठकमा पेश गर्ने।

२) डोटी-बाजुरा, लमजुङ र खोटाङ-भोजपुर केन्द्रबिन्दु भएर गएका भूकम्पबाट पूर्ण क्षतिग्रस्त घरका प्रत्येक परिवारलाई रु. ५० हजारका दरले दुई किस्तामा अस्थायी आवास निर्माणका लागि रकम उपलब्ध गराउन सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिहरुलाई निर्देशन दिने।

३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ लाई संशोधन गर्न प्राधिकरणले गृह मन्त्रालय मार्फत प्रक्रिया अगाडि बढाउने।

४) 'विपद् पूर्वतयारी तथा प्रतिकार्य निर्देशिका, २०८०' तयारी गर्ने र सो कार्यका लागि प्राधिकरणको सह-सचिवको संयोजकत्वमा गृह, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र नेपाल रेडक्रस सोसाईटी समेत सम्मिलित कार्यदल मार्फत निर्देशिकाको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने।

५) विपद् तथा संकटको संवेदनशीलतालाई दृष्टीगत गरी अग्रिम खरिद (Advance Procurement) र आपत्कालीन खरिद (Emergency Procurement) को व्यवस्थालाई सार्वजनिक खरिद ऐनमा समावेश गर्न सार्वजनिक खरिद ऐनमा संशोधन/परिमार्जनका लागि आवश्यक विषयहरु गृह मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गरी पठाउने।

६) 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा साझेदार संस्था परिचालन कार्यविधि, २०८०' को मस्यौदालाई गृह, अर्थ, संघीय मामिला तथा सामान्य प्रशासन, परराष्ट्र र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, समाज कल्याण परिषद्का प्रतिनिधि रहने कार्यदलबाट आवश्यक परिमार्जन गरी अर्को बैठकमा पेश गर्ने।

मिति: २०८०/०२/१४

ध्रुवबहादुर खड्का
प्रवक्ता/उपसचिव